# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०४।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

बारा जिल्ला पचरौता नगरपालिकाका इन्जिनियर राम प्रकाश सतराले पचरौता नगरपालिकास्थित विद्यालयको कम्पाउण्ड वाल निर्माण सम्पन्न भए पश्चात नियमानुसार भुक्तानीका लागि सिफारिस गर्नुपर्नेमा सो नगरी विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरबाट खटिई गएको टोलीले निज इन्जिनियर राम प्रकाश सतरालाई सेवाग्राहीसँग रू.१५,०००।—(पन्ध्र हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज इन्जिनियर राम प्रकाश सतराले पचरौता नगरपालिकास्थित विद्यालयको कम्पाउण्ड वाल निर्माण सम्पन्न भइ रकम भुक्तानिको लागि संकलन भएका कागजातमा सही गर्न आलटाल गरी, विभिन्न बरबहाना बनाई, सेवाग्राहीलाई अप्ठेरोमा पारी आफूले गर्नुपर्ने कार्य नगरी भ्रष्टाचार गर्ने गलत मनसायले घुस/रिसवत बापत रु.१५,०००।— (पन्ध्र हजार ) माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज इन्जिनियर राम प्रकाश सतरालाई विगो रू.१५,०००।—(पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता